## नवौ बैठक

आज मिति २०८१।१०।३० गते बुधबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्बासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा बेल्बासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्बासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | मिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २३. | जुना पाण्डे | लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | सुरेश गैरे | स्वास्थ्य शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २५. | शेषकान्त घिमिरे | कम्प्युटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २६. | यमुना थापा | पशुसेवा शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २७. | बलराम खनाल | पशुसेवा शाखा | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. संघीय समपूरक र विशेष अनुदान सम्वन्धमा।
३. नुवाकोट खिल्जी असुरकोट सडक सम्वन्धमा।
४. दुम्केली खत्रीटोला खानेपानी मर्मत सम्वन्धमा।
५. विपद् न्यूनिकरण सम्वन्धमा।
६. बजेट अपुग भै कार्यान्वयनमा नगएका योजना सम्वन्धमा।
७. पशु स्वास्थ्य शिविर संचालन सम्वन्धमा
८. सामूदायिक स्वास्थ्य स्वयंसेविका सम्वन्धमा।
९. नगर स्तरीय वास प्लान निर्माण सम्वन्धमा।
१०. विवध।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलवाट अघिल्लो बैठकका निर्णहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो।

- भूमिकास्थान नगरपालिकाको संस्थागत क्षमता स्व मूल्यांकन गर्दा जम्मा ८९.५० प्रतिशत अंक प्राप्त भएकोले उक्त प्राप्तांकलाई स्वीकृत गरी नतिजा नगरपालिकाको Website मार्फत र सूचना पाटीमा टांस गरी सार्वजनिक गर्न कार्यालयलाई निर्देशन दिईएकोमा उक्त कार्य सम्पन्न भएको।

**निर्णय नं. २ क) :** प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट विगत वर्षहरुमा प्रकाशित सूचनाको आधारमा संघीय समपूरक अनुदान र संघीय विशेष अनुदानबाट कार्यान्वयनमा रहेका तपसिल बमोजिमका आयोजनाहरु चालु आर्थिक वर्ष २०८१/०८२ मा प्राप्त बजेटवाट कार्य सम्पन्न हुने भएकोले उक्त आयोजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि बजेट माग नगर्ने निर्णय गरियो।

तपसिल :

**विशेष अनुदान तर्फ :**

१. विभिन्न खानेपानी योजना - गनेरीबोट पाण्डाडा घाराखोरी खानेपानी, सेड्लेड खानेपानी, हिले शिख खानेपानी, काउले अर्जुन खानेपानी, नुवाकोट खिल्जी असुरकोट खानेपानी, खारखोला कल्लेरी खानेपानी)

**समपूरक अनुदान तर्फ :**

२. बेल्बोट पौवा जोगिटारी सडक कालोपत्रे

**निर्णय नं. २ ख) :** प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट मिति २०८१/१०/१६ गते प्रकाशित सूचनाको आधारमा संघीय समपूरक अनुदान कार्यविधी, २०८१ को अधिनमा रही संघीय समपूरक अनुदान तर्फ आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिल बमोजिमका बहुवर्षीय आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगको तोकीए बमोजिमको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा तोकीएको समयावधि भित्र प्रविष्ट गर्ने निर्णय गरियो।

**प्राथमिकताको आधारमा समपूरक अनुदान तर्फको मुख्य आयोजनाहरु (आ.व. २०८२/०८३ र २०८३/०८४ को लागि प्रस्तावित)**

CamScanner

| प्राथमिकता नं. | आयोजना/कार्यक्रमको नाम | आर्थिक वर्ष २०८२/०८३ | | आर्थिक वर्ष २०८३/०८४ | | आर्थिक वर्ष ०८२/८३ र ०८३/८४ को कुल रकम रु. | |
|---|---|---|---|---|---|---|---|
| | | नगरपालिकाको साझेदारी रु (३० प्रतिशत.) | राष्ट्रिय योजना आयोगको साझेदारी रु. (७० प्रतिशत.) | नगरपालिकाको साझेदारी रु (३० प्रतिशत.) | राष्ट्रिय योजना आयोगको साझेदारी रु. (७० प्रतिशत) | नगरपालिकाको साझेदारी रु. (३० प्रतिशत.) | राष्ट्रिय योजना आयोगको साझेदारी रु. (७० प्रतिशत.) |
| १ | असुरकोट ओगीटारी सडक कालोपत्रे | ६०००००० | १४०००००० | १२०००००० | २८०००००० | १८०००००० | ४२०००००० |
| २ | भेस्के बैरागेठ गौचौर सडक कालोपत्रे | ६०००००० | १४०००००० | १२०००००० | २८०००००० | १८०००००० | ४२०००००० |

**निर्णय नं. २ ग) :** प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट मिति २०८१/१०/१६ गते प्रकाशित सूचनाको आधारमा संघीय विशेष अनुदान कार्यविधी, २०८१ को अधिनमा रही संघीय विशेष अनुदान तर्फ आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिल बमोजिमका बहुवर्षीय आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगको तोकीए बमोजिमको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा तोकीएको समयावधि भित्र प्रविष्ट गर्ने निर्णय गरियो ।

**विशेष अनुदान तर्फ क्रमागत (आ.ब.२०८२/०८३ र ०८३/०८४)**

| क्र. सं. | आयोजना/कार्यक्रमको नाम र ठेगाना | आ.व. २०८२/०८३ को लागि माग रकम रु. | आ.व. २०८३/०८४ को लागि माग रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|
| १ | विभिन्न खानेपानी योजना सुधार विस्तार (बलेजुरा अर्जुन खानेपानी, काउले अर्जुन खानेपानी, लुक्का साम्नेगाउ खानेपानी, गिद्धेगैडा राजमे खानेपानी, राजिमे लिफ्ट खानेपानी, असारे टाकुरा लिफ्ट खानेपानी सल्लेधार खानेपानी, धारापानी खानेपानी, खाकावेशी धाम्का खानेपानी, लम्बी गाडाकोट खानेपानी ,अमिलिखोला खानेपानी, कमलपोखरी पाण्डाडा, धोरखोरी सलेन्धारा खानेपानी योजना ७, सेंडलेड लिफ्ट खानेपानी, घाटाखोला स्कीम ए खानेपानी भूनपा ४, घाटाखोला लम्ची खानेपानी, छिर्लिङखोला डेभा खानेपानी, छिर्लिङखोला सुरसिंङ खानेपानी योजना, एकघर एकधारा अन्तर्गतका अन्य योजनाहरु) | २०००००००० | २०००००००० | ४०००००००० |

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा नुवाकोट खिल्जी असुरकोट सडकमा प्रीमिक्सको कार्यको लागि लागत अनुमान तयारी गर्दा ३ से.मी मोटाईको प्रिमिक्स गर्ने गरी ठेक्का बन्दोवस्ती भएकोमा संशोधित स्टाण्डर्ड नर्म्स बमोजिम उक्त प्रिमिक्सको मोटाई २ से.मि. कायम हुने गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा दुम्केली खत्रीटोला खानेपानी मर्मतको लागि गत आर्थिक वर्ष २०८०/०८१ मा कार्यसम्पन्न भै भुक्तानी भएकोमा सम्बन्धित समितिको खाताको KYC अद्यावधिक नहुंदा बैक खातामा भुक्तानी रकम जम्मा नभै फिर्ता भएकोले उक्त रकम आर्थिक वर्ष २०८१/०८२ मा मर्मत संभार कोषको रकमबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिका भित्र हुनसक्ने आगलागि लगायतका विपदहरुको न्यूनिकरण गर्न, राहात र उद्धारका कार्यहरुमा सहयोग पुर्‍याउनको लागि तत्कालै नगरपालिकाको नाममा मिनिदमकलको रुपमा पानीट्यांकर जडान सहितको एक ट्याक्टर खरिद गर्ने साथै आगलागि नियन्त्रणको लागि ४ प्रहरी चौकीको लागि ४।४ वटाको दरले आगो निभाउने झापा र २।२ वटाको दरले पातपतिंगर सोहोर्ने दांदे खरिद गर्ने र ट्याक्टर लगायतका उल्लेखित विपदको लागि आवश्यक उल्लेखित सामग्रीहरु खरिद गर्नको लागि १५ औ नगरसभाबाट

अवलोकन भ्रमणमा विनियोजित ५ लाख बजेटलाई विपद् व्यवस्थापनमा कोषमा रकमान्तर गर्ने र बाँकी रकम विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ ख) :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको नगरसभाको १५ औ अधिवेशनबाट **विपद् जोखिम न्यूनिकरण तथा कम्पोष्ट मल उत्पादनका लागि सामुदायिक वनसंग साझेदारी कार्यक्रमको लागि विनियोजित रु. ५ लाख** बजेटबाट सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरी आगलागिको जोखिम क्षेत्र पहिचान गरी उक्त क्षेत्रको आसपासका पातपतिंगर हटाउने र कम्पोष्ट मल बनाउने कार्य गर्न प्रतिवडा रु. ५० हजारका दरले रकम उपलब्ध गराई तोकीए बमोजिमको कार्य गर्न वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :** भूमिकास्थान नगरपालिकाको नगरसभाको १५औ अधिवेशनबाट स्वीकृत योजनाहरुमा बजेट अपुग भै सम्झौताहुन नसकेका योजनाहरुको लागि थप बजेट शिर्षकमा रु. ४००००० बजेट १६ औ अधिवेशनबाट विनियोजित भएकोमा उक्त बजेटबाट तपसिल बमोजिमका योजनाहरुमा बजेट थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

क) विभिन्न स्थानमा प्रतिक्षालय निर्माण वडा नं. ३ - थप रु. २०००००

ख) मकैडाडा स्वमिकारुख शौचालय निर्माण वडा नं. ४ - थप रु. १०००००

ग) बरारुख कोल संरक्षण वडा नं. ४ - थप रु. १०००००

**निर्णय नं. ७ :** भूमिकास्थान नगरपालिका भित्र पशुस्वास्थ्य शिविर संचालन गर्ने सन्दर्भमा छलफल गर्दा भूमिकास्थान नगरपालिकाको तपसिलका स्थानहरुमा पशुस्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| | |
|---|---|
| १. | वडा नं १ |
| २. | वडा नं. २ |
| ३. | वडा नं. ९ |
| ४. | वडा नं. १० |

**निर्णय नं. ८ :** भूमिकास्थान नगरपालिका भित्र रहेका स्वास्थ्य संस्था अन्तर्गत कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुले समुदायस्तरमा पुर्‍याउनु भएको सेवा प्रशंसनीय हुंदाहुंदै केही स्वयंसेविकाहरु समूदाय भन्दा बाहिर रहंदा समूदायमा सेवा पुग्न नसकेको भनि समूदायस्तरबाटै नगरपालिकाको कार्यालयमा गुनासो आएको सन्दर्भमा नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुलाई बास्तविकता के हो सो को विवरण कार्यालयमा पठाउन भनि पत्राचार गरेकोमा केही स्वयंसेविकाहरु समूदाय बाहिर रहेको भनि केही स्वास्थ्य व्यवस्थापन समितिको निर्णय सहितको विवरण कार्यालयमा प्राप्त भएकोले समूदाय बाहिर रहेका त्यस्ता स्वयंसेविकाहरुलाई सो सन्दर्भमा के भएको हो र तपाई किन समूदाय बाहिर बस्नुपरेको हो सो को मनासिव कारण सहित वास्तविकता पेश गर्न पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने र समूदायमा सेवा पुर्‍याउन नसक्ने अवस्थामा त्यस्ता स्वयंसेविकाहरुलाई काममा नलगाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :** भूमिकास्थान नगरपालिकाको वास प्लान निर्माण गर्ने सन्दर्भमा छलफल गर्दा हालसम्म ईन्ट्रि भएका तथ्यांकहरुको आधारमा एनवास प्रणालीमा भएका भूमिकास्थान नगरपालिका भित्रका मर्मत गर्नुपर्ने, नयां निर्माण गर्नुपर्ने खानेपानी आयोजनाहरुलाई गरिएको प्राथमिकीकरण र विद्यालयहरुको खानेपानी तथा सरसफाईको अवस्थालाई मध्यनजर गरी गरिएको प्राथमिकीकरणलाई स्वीकृत गर्ने निर्णय गरीयो । साथै आगामी दिनहरुमा अद्यावधिक गर्ने विवरण अद्यावधिक गर्दै जाने निर्णइ गरियो ।

CamScanner